# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं वैशाख १६ गते २०६२ साल (अतिरिक्ताङ्क ८


## भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट मिति २०६१।१०।१९ मा जारी गरिबक्सेको संकटकालीन अवस्थाको आदेश आजको मितिबाट फिर्ता लिई बक्सेकोले २०६१ साल फागुन ५ गते गठन गरिबक्सेको भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम देहायको आदेश जारी गरिबक्सेको छ :–

### आदेश

१. आयोगको गठन : (१) भ्रष्टाचार नियन्त्रण शाही आयोग ( यसपछि "आयोग" भनिएको ) मा एकजना अध्यक्ष तथा आवश्यक संख्यामा सदस्य रहनेछन् :–

(२) श्री ५ बाट आवश्यकता अनुसार आयोगको सदस्यमा थपघट वा हेरफेर गर्न सकिबक्सनेछ ।

(३) आयोगको सचिव तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न श्री ५ बाट एकजना सचिव तोक्न वा नियुक्त गर्न सकिबक्सनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११६

२. आयोगको काम, कर्तव्य र अधिकार : (१) आयोगले देहायको विषयमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै पनि व्यक्ति उपर छानविन गरी कारवाही गर्नेछ :–

(क) तस्करी गरेको वा राजश्व छलेको,
(ख) अनियमित ठेक्का पट्टा वा कमिशनमा संलग्न भएको,
(ग) प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने अन्य कार्य गरेको ।

(२) आयोगलाई देहायका कुरामा प्रचलित कानून बमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछ :–

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई वयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,
(ग) प्रमाण बुझ्ने,
(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालत वा संवैधानिक निकायबाट कुनै लिखत वा सोको नक्कल झिकाउने ।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झेको म्याद तोक्न सक्नेछ ।

(४) आयोगलाई उपरोक्त अधिकारको अतिरिक्त भ्रष्टाचार सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार र विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई प्राप्त अधिकार प्राप्त हुनेछ ।

३. आयोगको मुकाम : आयोगको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकता अनुसार नेपाल अधिराज्यको जुनसुकै स्थानमा पनि आयोगले आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

४. आयोगलाई सहयोग गर्नुपर्ने : आयोगको काम कारवाहीमा सहयोग पुऱ्याउनु सम्वन्धित सबैको कर्तव्य हुनेछ ।

५. आयोगको अवहेलना : आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगको अवहेलना गरेको ठहरिएमा आयोगले अभियुक्तलाई दश हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

तर आयोगलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय घटाउन सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>सजाय र पुनरावेदन</u> : (१) कुनै व्यक्तिले भ्रष्टाचार सम्बन्धी प्रचलित कानून बमोजिम कसूर गरेको प्रमाणित भएमा आयोगले निजलाई प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

७. <u>सम्पत्ति जफत हुने</u> : कुनै व्यक्तिले प्रचलित कानून बमोजिम भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्ति समेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा आयोगले त्यस्तो सम्पत्ति जफत गर्न सक्नेछ । त्यसरी जफत गरिएको सम्पत्ति राष्ट्रियकरण गरिनेछ ।

८. <u>बाधा विरोध गर्नेलाई सजाय हुने</u> : यस आदेश अन्तर्गतको छानविन तथा कारवाहीमा कसैले बाधा विरोध गरेमा निजलाई आयोगले पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

९. <u>आयोगको कर्मचारी</u> : (१) आयोगलाई आवश्यक पर्ने कर्मचारीहरु आयोग आफैले नियुक्त गर्न वा श्री ५ को सरकारबाट प्राप्त गर्न सक्नेछ ।

(२) आयोगबाट नियुक्त कर्मचारीको सेवाको शर्त आयोगले तोके बमोजिम हुनेछ ।

१०. <u>पारिश्रमिक र सुविधा</u> : (१) आयोगको अध्यक्ष, सदस्य तथा सचिवले पाउने पारिश्रमिक र सुविधा <u>श्री ५</u> बाट तोकिबक्से बमोजिम हुनेछ ।

(२) आयोगको काममा नियुक्त भएका वा खटिएका कर्मचारीहरुले आयोगले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउने छन् ।

११. <u>पुरस्कार</u> : भ्रष्टाचार सम्बन्धी कसूरको जानकारी दिने तथा सो सम्बन्धी प्रमाण संकलन गर्ने काममा सहयोग पुऱ्याउने व्यक्तिको नाम आयोगले गोप्य राख्नु पर्नेछ । त्यस्तो सहयोग पुऱ्याउने व्यक्तिलाई आयोगले उचित पुरस्कार समेत दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. कार्यविधि : यस आदेशमा लेखिएदेखि बाहेकका आयोगको अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. बाधा नपर्ने : कुनै निकाय वा अधिकारीलाई प्रचलित कानून बमोजिम प्राप्त भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धान गर्न, तहकिकात गर्न, मुद्दाको दायरी गर्न तथा त्यस्तो मुद्दा हेरी कारवाही किनारा गर्न यस आदेशमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१४. जाहेर गर्ने : अदालत तथा संवैधानिक निकायको कुनै पदाधिकारीले प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य गरेको देखिएमा आयोगले श्री ५ समक्ष जाहेर गर्नेछ ।

१५. कार्याविधि : आयोगको कार्यावधि श्री ५ बाट तोकिबक्से बमोजिम हुनेछ ।

१६. शपथ : आफूलाई सुम्पिएको कार्यभार सम्हाल्नु अगावै आयोगको अध्यक्षले श्री ५ समक्ष र आयोगका सदस्य तथा सचिवले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

१७. बचाउ : (क) २०६१ साल फागुन ५ गते नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम जारी भएको आदेश बमोजिम गठन भएको भ्रष्टाचार नियन्त्रण शाही आयोग यसै आदेश बमोजिम गठन भएको मानिनेछ र सो आदेश बमोजिम नियुक्त आयोगका अध्यक्ष, सदस्य र सचिव यसै आदेश बमोजिम नियुक्त भएका मानिनेछन् ।

(ख) खण्ड (क) बमोजिमको आदेश अनुसार भए गरेका काम कारवाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

(ग) खण्ड (क) बमोजिम गठित आयोगमा दायर भई कारवाही र किनारा हुन बाँकी रहेका मुद्दाहरु यसै आदेश बमोजिम गठित आयोगमा दायर भएको मानिनेछ ।

(घ) यस आदेशमा लेखिए जति कुराको हकमा यसै आदेश बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
( दफा १६ संग सम्बन्धित )
पद तथा गोपनियताको शपथ

म . . . . . . . . . . . . . . . . . . . ईश्वरको नाममा /सत्यनिष्ठापूर्वक शपथ लिन्छु की आयोगको अध्यक्ष / सदस्य / सचिवको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी मेरो योग्यता, ज्ञान विवेकले भ्याएसम्म भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पूरा गर्नेछु र मलाई आयोगको कामको सिलसिलामा जानकारी हुन आएको गोप्य कुराहरु आफ्नो जिम्मेवारी पूरा गर्नको निमित्त आवश्यक पर्नेमा बाहेक आयोगमा कार्यरत रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष तवरले कुनै किसिमबाट प्रकट गर्ने छैन ।

मिति. . . . . . . . . . . . . . हस्ताक्षर . . . . . . . . .

**हुकुम बक्से बमोजिम,**
**मी.सु. पशुपतिभक्त महर्जन**
**श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. ५।-

923

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।